स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.
Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (प्रादेशिकस्तर कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देही

प.स.:- २०८२/०८३
च.न.:- २१

मिति:-२०८३/०२/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

विषय: लांभाश प्रस्ताव संशोधन सम्बन्धी जानकारी ।

महोदय,
उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति:२०८२/११/१५ गते सम्पन्न ११४औं सञ्चालक समितिको बैठकले आ.ब. २०८१/०८२ को मुनाफाबाट कुल १० प्रतिशत लाभांश (९.५०% बोनश शेयर र ०.५०% नगद) वितरण प्रस्ताव गर्दा उक्त लाभांश "नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आगामी वार्षिक साधारण सभाबाट पारित भए पश्चात मात्र वितरण योग्य हुने" शर्त सहित सार्वजनिक गरिएको व्यहोरा सर्वविदितै छ ।

संस्थाको वित्तीय प्रतिवेदनलाई थप सुदृढ बनाउने क्रममा नियामक व्यवस्था र वित्तीय परिसुचकहरूमा गर्नुपर्ने अनिवार्य समायोजनका कारण साविकमा प्रस्तावित लाभांशलाई यथावत् राख्न नसकिने कानुनी एवं प्राविधिक बाध्यता सिर्जना भएको छ । प्रचलित नीति नियम तथा सरोकारवालाहरूको दीर्घकालीन हितलाई ध्यानमा राख्दै मिति २०८३/०२/०८ गते बसेको सञ्चालक समितिको ११७औं बैठकले उक्त साविकको लाभांश प्रस्तावलाई परिमार्जन गरी आर्थिक वर्ष २०८१/०८२ का लागि कुनै पनि लाभांश (बोनस शेयर तथा नगद लाभांश) वितरण नगर्ने निर्णय गरेको छ ।

साविकको लाभांश प्रस्ताव परिमार्जन भई वोनस शेयर प्राप्त नहुने अवस्था सिर्जना भएकोले आदरणीय शेयरधनी महानुभावहरू, लगानीकर्ता तथा तमाम सरोकारवालाहरूमा पर्न गएको अपेक्षा, अन्योल र असुविधाप्रति सञ्चालक समिति तथा व्यवस्थापन गहिरो दु:ख व्यक्त गर्दै क्षमायाचना गर्दछ । संस्थाको दीर्घकालीन व्यावसायिक स्थायित्व र हितका लागि चालिएको यस वाध्यात्मक कदमलाई सकारात्मक रूपमा लिइदिनुहुन सम्पुर्ण सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछौं ।

भवदिय,

……………………
(कृष्ण राज चौधरी)
कम्पनी सचिव

कम्पनी सचिव

वोधार्थ,
(क) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
(ख) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
(ग) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
(घ) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौं ।
(ङ) श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं ।